# अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

UTKHPL

## प्रधान कार्यालय, ज्ञानेश्वर, काठमाण्डौं

# चौधौं वार्षिक साधारण सभा हुने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : श्रावण ८, २०७९**

यस कम्पनीको मिति २०७९/०३/३० मा बसेको सञ्चालक समितिको २५७ औं बैठकको निर्णयानुसार निम्न विषयहरूमाथि छलफल गरी पारित गर्न कम्पनीको चौधौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरू उपस्थित भई दिनु हुन वा रितपूर्वक प्रतिनिधि मुकरर गरी पठाइ दिनु हुन अनुरोध छ ।

**सभा हुने मिति समय र स्थानः**

**मिति** : २०७९/०५/०३ गते, शुक्रवार (तदनुसार अगष्ट १९, २०२२)
**समय** : विहान ११ बजे
**स्थान** : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौं ।

**साधारण सभाको विषय सूचीः**

**सामान्य प्रस्ताव–**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने कम्पनीको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षणको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाव र नगद प्रवाह सहितको आर्थिक विवरणमाथि छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण ऐन, २०७५ को दफा ११ बमोजिम श्री महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) को प्रावधान अनुरुप लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७८/७९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने ।
४. कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार समूह-'ख' अन्तर्गत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने एक जना महिला सहित ४ जना सञ्चालकहरूको निर्वाचन/मनोनयन वा नियुक्त गर्ने ।
५. विविध ।

**विशेष प्रस्ताव–**

१. कम्पनीको पूँजि बृद्धिको लागि प्रबन्धपत्रमा संशोधन गर्ने र विद्यमान चुक्ता पूँजिको आधारमा १:१ को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजि संकलन गर्ने सम्बन्धमा ।
२. प्रबन्धपत्रमा प्रस्तावित संशोधनहरूमा नियमन निकायहरूको निर्देशनमा परिमार्जन, हेरफेर तथा थपघट गर्न आवश्यक हुने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
३. आयोजना प्रभावित दोलखा जिल्ला स्थित विभिन्न सामाजिक संस्थाहरु लगायत अन्य संस्थाहरुलाई सञ्चालक समितिको विभिन्न मितिको निर्णयानुसार आ.व.२०७७/७८ मा उपलब्ध गराइएको आर्थिक सहयोग रकम अनुमोदन गर्ने सम्बन्धमा ।
४. सञ्चालक समितिको बैठक भत्ता सम्बन्धमा ।
५. विविध ।

**साधारण सभासम्बन्धी जानकारीः**

१. वार्षिक साधारण सभा गर्ने प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजको कार्य मिति २०७९/०४/१८ गते १ दिन बन्द रहनेछ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई कायम रहेकाशेयरधनीहरु मात्र वार्षिक साधारणसभामा भाग लिनका लागि योग्य हुनेछन् ।
२. कम्पनीको आ.व.२०७७/७८ को लेखापरीक्षण गरिएको संक्षिप्त वित्तीय अवस्थाको विवरण तथा समितिको वार्षिक प्रतिवेदन लगायतका कागजातहरु निरिक्षण गर्न वा प्रतिवेदन नै आवश्यक भएमा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय ज्ञानेश्वरमा सम्पर्क राख्न सकिनेछ । साथै कम्पनीको वेबसाइट www.tamakoshihydro.org.np मा पनि हेर्न सक्नुहुनेछ ।
३. संगठित संस्था शेयरधनी भएकोमा त्यस्तो संस्थाले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको व्यक्ति अख्तियारी पत्रसहित उपस्थित हुनुपर्नेछ । साथै प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रतिनिधि (प्रोक्सी) कम्पनीको शेयरधनी हुनुपर्नेछ ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने व्यक्तिगत शेयरधनीले कम्पनीको अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सभा हुनु भन्दा ५ दिन अगावै अर्थात मिति २०७९/०४/२९ गते बिहान ११ बजेभित्र उक्त प्रतिनिधिपत्र (प्रोक्सी) यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।
५. कम्पनीमा दर्ता गराइएको प्रतिनिधिपत्र (प्रोक्सी) साधारणसभाको गणपुरक संख्या र निर्वाचन दुवै प्रयोजनको लागि मान्य हुनेछ ।
६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सम्पूर्ण शेयर विभाजन नहुने गरी एकै व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ । शेयर विभाजन गरेर दिइएको प्रतिनिधिपत्र (प्रोक्सी) स्वतः बदर हुनेछ । एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिलो दर्ता हुने प्रतिनिधिपत्र (प्रोक्सी) मान्य हुनेछ । त्यसपछि आउने प्रतिनिधिपत्र (प्रोक्सी) स्वतः बदर हुनेछ । तर पहिले दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई नियुक्त गरेमा अघिल्लो प्रतिनिधिपत्र (प्रोक्सी) बदर भई पछिल्लो प्रतिनिधिपत्र (प्रोक्सी) मान्य हुनेछ ।
७. नाबालक तथा मानसिक सन्तुलन ठिक नभएको शेयरधनीको हकमा निजको संरक्षक वा संरक्षकले तोकेको प्रतिनिधिले सभामा भाग लिन तथा मतदानमा भाग लिन पाउनेछ ।
८. एक जना भन्दा बढी वा साझा गरी लिएको शेयरधनीले सञ्चालकको पदमा उम्मेदवारी दिन वा मतदान गर्न चाहेमा शेयर प्रमाणपत्रमा उल्लेख भएका अन्य शेयरधनीको मन्जुरीनामा वा सर्वसम्मतिबाट प्रतिनिधि मुकरर गरिएको प्रमाण पेश गर्नु पर्नेछ । अन्यथा शेयरवालाको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र अधिकार प्रयोग गर्न सक्नेछ ।
९. शेयरधनी महानुभावहरु सभास्थलमा आउँदा झोला तथा अन्य वस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । साथै सुरक्षाकर्मीबाट आवश्यक जाँच हुन सक्ने हुँदा सो कार्यमा सहयोग गरी दिनु हुन विनम्र अनुरोध गरिन्छ ।
१०. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थलमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान ९ बजेदेखि खुल्ला रहनेछ ।
११. सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचनसम्बन्धी कार्यक्रम र कार्यतालिका साधारण सभा हुने मितिभन्दा १५ दिन अघि कम्पनीको सूचना पाटीमा टाँस गरी वेभसाइट www.tamakoshihydro.org.np मा समेत राखिनेछ ।
१२. कम्पनीले स्वीकृत गरेको सञ्चालकको निर्वाचन सम्बन्धी निर्देशिका लिन चाहेमा निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
१३. साधारण सभा हुने मितिभन्दा कम्तिमा १५ दिन अघि निर्वाचन अधिकृतको कार्यालय तोकिनेछ । सञ्चालकको निर्वाचन सम्बन्धी विस्तृत जानकारीका लागि निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क राख्नु पर्ने व्यहोरा जानकारी गराइन्छ ।
१४. आफ्नो परिचयपत्र, सरकारी कार्यालयबाट जारी भएको वा शेयर अभौतिकरण गरेको व्यक्ति नै देखिने हितग्राही खाताको विवरण (Demat Account Statement) प्रस्तुत गरेपछि मात्र सभा स्थलभित्र प्रवेश गर्न पाइनेछ ।
१५. शेयर प्रमाणपत्र प्राप्त गरिनसकेका वा शेयर अभौतिकरण गरी नसकेका शेयरधनीहरूको हकमा आफ्नो परिचय खुल्ने सरकारी कार्यालयबाट जारी भएको परिचयपत्र वा नागरिकता वा शेयरको लागि दर्खास्त दिंदा प्राप्त गरेको अधकट्टी वा रकम फिर्ता गर्दा प्राप्त गरेको चेकको अधकट्टी प्रस्तुत गरे पछि सभास्थल भित्र प्रवेश गर्न पाइनेछ ।
१६. कोभिड महामारीको विद्यमान अवस्थालाई ध्यानमा राख्दै स्वास्थ्य सुरक्षाका मापदण्डहरू पालना गरि दिनु हुन पनि अनुरोध छ ।

**पुनश्चः** कम्पनीको चौधौं वार्षिक साधारण सभा सम्बन्धी प्रथम पटक मिति २०७९/०४/०८ गतेको गोरखापत्रमा प्रकाशित सूचनाको विशेष प्रस्ताव सम्बन्धी प्रकरणको प्रस्ताव नं.१ मा थप स्पष्ट पार्नु आवश्यक देखिएकोले यसै सूचना अनुसार हुने गरी संशोधन गरिएको व्यहोरा अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**